**नेपाल सरकार**
**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**
**सिंहदरवार, काठमाडौ**
***सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रकाशित विवरण***

# आ.व. २०७४/०७५

(२०७४ श्रावण देखि २०७४ असोज सम्म- ३ महिना)

## १. निकायको स्वरूप र प्रकृति

नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ साल मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भएपछि सम्झौताले निर्देश गरेबमोजिम द्वन्द्वका नकारात्मक प्रभावहरूलाई न्यून गर्ने , द्वन्द्वपीडितहरुलाई तत्काल राहत प्रदान गर्ने , पुनर्निर्माण र पुनःस्थापन गरी सामाजिक एकीकरणका माध्यमबाट समाजमा रहेका अवरोधहरुलाई न्यून गर्दै मुलुकमा दिगो शान्ति कायम गर्नुका साथै सो सम्झौताको प्रभावकारी कार्यान्वयन गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउने गहन जिम्मेवारी शान्ति सचिवालयबाट भन्दा एउटा छुट्टै मन्त्रालयबाट निर्वाह गर्दा बढी उपयोगी र प्रभावकारी हुने देखी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६३/१२/१८ को निर्णयानुसार तत्कालीन शान्ति सचिवालय खारेज गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको गठन भएको हो

## २. निकायको काम कर्तब्य र अधिकार

नेपाल सरकार (कार्य विभाजन) नियमावली,२०७२ अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत देहायका विषयहरु समावेश छन्-

१. शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन, विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्कालीन र दीर्घकालीन नीति रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
२. द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति,रणनीति र कार्यक्रम
३. विस्तृत शान्ति सम्झौता लगायतका अन्य सम्झौता, सहमति र निर्णयको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन
४. दीगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रकृयागत तथा प्राविधिक विषय
५. शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापनसम्बन्धी, अध्ययन, विश्लेषण तथा अनुभवको आदान-प्रदान
६. द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको राहत, आर्थिक सहायता तथा पुनःस्थापन
७. द्वन्द्व-संवेदनशील प्रणालीबारे अध्ययन तथा अनुसन्धान
८. शान्ति स्थापना तथा द्वन्द्वको व्यवस्थापनसम्बन्धी सूचना, अध्ययन सामग्री र अध्ययन प्रतिवेदनको अभिलेख केन्द्र तथा शान्ति र द्वन्द्व व्यवस्थापनको प्राविधिक स्रोतकेन्द्र सम्बन्धी
९. शान्ति प्रक्रिया र द्वन्द्वको संक्रमणकालीन व्यवस्थापन
१०. द्वन्द्वको कारणबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण तथा पुनःस्थापनाको योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत निकायसँगको समन्वय
११. शान्ति कोषबाट सञ्चालित योजना तथा कार्यक्रमको सञ्चालन र अनुगमन
१२. शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सम्पर्क
१३. सत्य निरुपण तथा मेलमिलाप आयोग
१४. बेपत्तासम्बन्धी छानबिन आयोग
१५. शान्ति तथा पुनःस्थापनासम्बन्धी परामर्श समिति

१६. शान्ति प्रक्रियासम्बन्धी उच्चस्तरीय अनुगमन समिति
१७. स्थानीय शान्ति समिति ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

मन्त्रालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्दछ | हाल मन्त्रालयमा ७९ जना कर्मचारीहरु छन |

स्वीकृत कर्मचारी दरवन्दी संख्या   ९३ जना
स्थायी कर्मचारी संख्या   ६७ जना
करार सेवाका कर्मचारी   २६ जना
जम्मा कर्मचारी संख्या  ९३.जना

## ४. निकायबाट प्रदान गरिने सेवा

१। श्रृजनशील द्वन्द्व व्यवस्थापनमा सहयोग पुर्या उनु ।
२। दिगो शान्तिको लागि छलफल गोष्ठी तथा अर्न्तक्रिया र तालिम संचालन गर्नु ।
३। शान्ति प्रक्रियामा देशका सम्बद्ध सबै पक्षको समर्थन र सहभागिता जुटाउन सहयोग पुर्याकउनु ।
४। शान्तिको पक्षमा अन्तराष्ट्रिय सहयोग र समर्थन जुटाउनु ।
५। शान्ति बहाली गर्न सरकारले गरेका निर्णयहरुको कार्यान्वयनमा सहयोग पुर्याउउनु ।
६। द्वन्द्व व्यवस्थापन, राहत, पुनर्स्थापन र पुनर्निर्माणको कार्ययोजना निर्माण र कार्यान्वयनमा भूमिका खेल्नु ।
७। शान्ति र सहमतिको वातावरण सिर्जना गर्न अवलम्बन गर्नु पर्ने नीति तथा रणनीतिहरुबारे अध्ययन गरी राय सुझाव पेश गर्नु

## ५. सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र सम्वन्धित शाखा प्रमुख

➢ **प्रशासन योजना तथा वैदेशिक समन्वय महाशाखा**

- महाशाखा प्रमुख   सह सचिव श्री राम प्रसाद भट्टराई
- प्रशासन शाखा प्रमुख उप सचिव श्री प्रकाश आचार्य
- योजना तथा कार्यक्रम शाखा प्रमुख   उप सचिव श्री धु्रब प्रसाद पौडेल
- आर्थिक प्रशासन शाखा प्रमुख उप सचिव रमेश घिमिरे
- अनुगमन तथा मुल्यांकन शाखा प्रमुख उप सचिव श्री धु्रब प्रसाद पौडेल

➢ **राहत तथा पुनस्थापन महाशाखा**

- महाशाखा प्रमुख सह सचिव  सुदर्शन प्रसाद ढकाल
- राहत तथा तथ्यांक शाखा प्रमुख उप सचिव मिरा आचार्य
- पुनस्थापन शाखा प्रमुख उप सचिव मिरा आचार्य

➢ **कानुन तथा संचार महाशाखा**

- महाशाखा प्रमुख सह सचिव (कानुन) ऋषि राजभण्डारी
- कानुन तथा मानव अधिकार शाखा प्रमुख उप सचिव चन्द्रकान्त पौडेल
- सूचना संचार तथा जनसम्पर्क शाखा प्रमुख  उप सचिव दुर्गा प्रसाद भुर्तेल

➢ **शान्ति संयन्त्र समन्वय महाशाखा**

- महाशाखा प्रमुख सह सचिव राम प्रसाद भट्टराई
- स्थानिय शान्ति समिति समन्वय शाखा उप सचिव दुर्गा प्रसाद भुर्तेल

➢ **द्वन्द्व व्यवस्थापन महाशाखा**

- महाशाखा प्रमुख सह सचिव सुदर्शन प्रसाद ढकाल

- द्वन्द विश्लेषण तथा नीति निर्माण शाखा प्रमुख उप सचिव........
- शान्ति प्रक्रिया समन्वय तथा अनुगमन शाखा प्रमुख उप सचिव.....
- बारुदी सुरुंग व्यवस्थापन शाखा प्रमुख उप सचिव .......

➢ **पूर्वाधार पुनर्निर्माण महाशाखा**

- महाशाखा प्रमुख सह सचिव गणेश प्रसाद वस्ती
- पूर्वाधार पुननिर्माण शाखा प्रमुख सिडिई ध्रुब प्रसाद पौडेल

➢ **द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना**

- परियोजना समन्वयकर्ता श्री गणेश प्रसाद वस्ती

➢ **राहत तथा पुनस्थापन इकाई**

- निमित्त विभागीय प्रमुख श्री बेदराज फुँयाल

➢ **नेपाल शान्ति कोष सचिवालय**

- कार्यकारी निर्देशक श्री हरि प्रसाद पाण्डे

➢ **सत्य निरुपण तथा मेलमिलाप आयोग को सचिवालय**

- सचिव श्री मणिराम ओझा

➢ **वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सचिवालय**

- सचिव श्री नृपध्वज निरौला

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- नियमानुसारको शुल्क लाग्ने छ ।

## ७. उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

मन्त्रालयका सचिव श्री गजेन्द्र कुमार ठाकुर

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

मन्त्रालयका सचिव श्री गजेन्द्र कुमार ठाकुर

## ९. सम्पादन गरेको कामको विवरण (शान्ति तथा पुनर्निर्माण मन्त्रालय)

- मिति २०७४।५।५ गते काठमाडौंमा सयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्वाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन गर्ने सिलसिलामा द्वन्द्वकालीन यौन हिंसा विषयक कार्यशाला गोष्ठी सम्पन्न भएको ।
- स्थानीय शान्ति समितिमा कार्यरत कर्मचारीहरुलाई आ.ब. ०७४।७५ मा निरन्तरता गरिएको ।
- ऐतिहासिक जनआन्दोलनका घाइतेका सन्ततिलाई छात्रवृत्ति तथा द्वन्द्वको क्रममा आमाबाबु गुमाएका बालबालिकालाई आर्थिक सहायता, अङ्गभङ्ग अपाङ्गहरुलाई जीवन निर्वाह भत्ता तथा आर्थिक सहायता वितरणको लागि मासिक भत्ता र व्यवस्थापन खर्च समेत गरी ७३ जिल्लाका सम्बन्धित जिल्ला प्रशासन कार्यालय प्रमुखलाई रु.९,१५,२६,६००।– (अक्षरपी नौ करोड पन्ध्र लाख छब्बीस हजार छ सय मात्र) अख्तियारी पठाइएको ।
    - जीवन निर्वाह भत्ता बापत रु. ६,१९,४९,६००।–
    - टुहुरा बालबालिकाको लागि भत्ता बापत रु. २,२६,८०,०००।–
    - जनआन्दोलन घाइतेको घाइते मासिक वृत्ति (५० प्रतिशत देखि माथी) लाई रु.२६,१६,०००।-, शहिद परिवारलाई रु.५,९७,०००।– पठाइएको ।
    - प्रशासनिक खर्च वापत रु.१५,००,०००।-
- द्वन्द्व पीडितहरुको तथ्याङ्क Verification तथा अध्यावधिक, द्वन्द्व पीडित तथा अन्य व्यक्तिहरुले गरेको गुनासो सुन्ने तथा त्यसको व्यवस्थापन गर्ने लगायत राहत इकाइसँग सम्बन्धी पत्राचारहरु गर्ने कार्य गरिएको ।

- चालु अ.ब. २०७४/७५ को लागि प्रस्तावित आयोजनाहरुमध्ये अर्थ मन्त्रालयबाट प्राप्त अख्तियारी तथा कार्यक्रम सम्बन्धित निकायमा पठाई सकिएको ।
- काठमाडौँको गोकर्णमा गोकर्ण राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण भै रहेको र राष्ट्रिय शहिद तथा निजामती पार्कको गुरु योजना अनुसार थप कार्यहरुको बोलपत्रको सूचना २०७४/७/१ मा प्रकाशित भएको ।
- चालु अ.ब. २०७४/७५ को लागि प्रस्तावित आयोजनाहरुमध्ये अर्थ मन्त्रालयबाट प्राप्त अख्तियारीमा केही छुट आयोजनाहरु समेत समावेश गरी संशोधित बार्षिक कार्यक्रम स्वीकृतिको लागि अर्थ मन्त्रालयमा पठाईएको ।
- द्वन्द्वतर शान्ति तथा पुनर्निर्माण परियोजनाबाट आ.ब. ०६४/६५ देखि हालसम्मको सञ्चालित आयोजनाहरुको विवरण अध्यावधिक भईरहेको ।
- मृतक र बेपत्ताका हकदारलाई रु पाँच लाख थप गरी दश लाख पुर्याउन तथा अन्य राहत वितरणका लागि रु. ९ अर्व १ करोड ६५ लाख १५ हजार ३ सय राहत तथा पुनःस्थापन ईकाइ मार्फत अख्तियारी पठाईएकोमा सोको ८० प्रतिशत राहत वितरण गरिएको ।
- शान्तिकोष सचिवालय, द्वन्द्वोत्तर परियोजना र राहत तथा पुनःस्थापन इकाईका प्रमुखहरुसँग कार्य सम्पादन सम्झौता गरिएको । यसबाट सम्बन्धित निकायहरुको कार्यसम्पादन प्रभावकारी हुने ।
- स्थानीय शान्ति समितिका कर्मचारीको परिचालन सम्बन्धी कार्यविधि मस्यौदा तयार गर्न सत्य निरुपण तथा मेलमिलाप आयोगका सहसचिव र उपसचिवको प्रतिनिधित्व भई कार्यविधि मस्यौदा तयार गरेको ।
- आयोगहरुबाट घटनास्थलका आधारमा जिल्लागत उजुरी वर्गिकरण कार्य भइरहेको ।
- सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगलाई साधन र श्रोत सम्पन्न युक्त बनाउन मन्त्रालयका तर्फबाट पहल भैरहेको ।
- घटनास्थलका आधारमा उजुरीहरुको वर्गिकरण तथा विषयगत वर्गिकरण गर्ने कार्य जारी राखी छानवीन एवं अनुसन्धान कार्य सुचारु रहेको ।
- सत्य निरुपण तथा मेलमिलाप आयोग को संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) को कार्य थालनी गरिएको ।
- मिति २०७४।४।२२ गते काठमाडौंमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग ले सरोकारवालाहरुलाई जानकारी गराउने उद्यश्यले एक दिवसीय कार्यक्रमको आयोजना गरेको ।
- बेपत्ता विरुद्दको अन्तराष्ट्रिय दिवस २०१७ को अवसरमा August 30 मा बेपत्ता पारिएका व्यक्तिका परिवारहरु तथा सरोकारवालाहरु सहितको उपस्थितिमा एक अन्तर्क्रिया कार्यक्रम गरी उक्त दिवस सम्पन्न गरेको ।
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग बाट मिति २०७४।६।३१ सम्म १७०२ थान उजुरीहरुमा विस्तृत छानविनमा लैजाने निर्णय गरिएको ।
- विस्तृतमा जाने निर्णय भएका उजुरीहरुमा विस्तृत छानविन गर्नका लागि देहाय बमोजिमको ८ वटा कार्यटोली गठन भई १५७ वटा उजुरीहरुमा उजुरीकर्ता र साक्षीहरुको कागज गराउने, एण्टीमोर्टम तथ्याङ्क संकलन फाराम तथा परिपूरणको फाराम भर्ने कार्य सुरु गरी विस्तृत छानविन भईरहेको ।
- संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको निर्णय न.१३२५ र १८२० (महिला , शान्ति, र सुरक्षा) को दोस्रो चरणको कार्ययोजना तयार गर्ने कार्य प्रारम्भ भएको ।
- धनकुटाको राजारानीमा नमुना वस्ती निर्माणाधीन रहेको।

- मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना संचालनको लागि सेवा प्रदायक संस्था छनौट कार्य सम्पन्न भई १० जिल्लामा कार्यक्रम कार्यान्वयनवाट १५२०६ (समूदायस्तरको सेवा १४१९७ जनालाई, मध्यम सेवा १४२२ सेसनमा ९९२ जनालाई र विशेष सेवा १७ जनालाई) जनाले मनोसामाजिक परामर्श सेवा प्राप्त गरेका ।
- सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट आह्वान भएको म्याद भित्र क्रमसः ५८०५२ वटा र २९६३ वटा उजुरी पर्न आएको र प्राप्त हुन आएका थप उजुरीहरुको समेत संकलन तथा व्यवस्थापन गरिएको ।
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन , २०७१ को पहिलो संसोधन मस्यौदा तर्जुमाको लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाएको |
- नेपालमा शान्ति प्रक्रियाको दश वर्ष (२०६३-७४) वर्ष ८ अंक ८ दोस्रो संस्करण प्रकाशन गरेको ।
- नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, सहमति, समझदारी, घोषणा र निर्णयहरुको संकलन (बाह्र बुँदे समझदारी र विस्तृत शान्ति सम्झौता समेत ) पुन : छपाई गरेको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

- सचिव श्री गजेन्द्र कुमार ठाकुर
- सूचना अधिकारी श्री दुर्गा प्रसाद भुर्तेल

## ११. ऐन, नियम, नीति तथा निर्देशिकाको सूची

१. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१
२. सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२
३. वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२
४. स्थानीयस्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन, २०७०
५. मनोसामाजिक परामर्श सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०७०
६. राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका परिवारलाई परिचय पत्र प्रदान गर्ने निर्देशिका, २०६९
७. आमा बाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०६८
८. माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरु, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरुका लागि पुनस्थापन एवं हेरचाह निर्देशिका, २०६८
९. द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम संचालन निर्देशिका, २०६८
१०. शान्तिको लागि विकास कार्यक्रम संचालन निर्देशिका, २०६८
११. माओवादी सेनाका गर्भवती तथा पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला लडाकुहरुको लागि विशेष सुविधा प्रदान गर्ने निर्देशिका, २०६८
१२. माओवादी सेनाका लडाकुहरुको पुनस्थापन सम्बन्धी निर्देशिका, २०६८
१३. माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता सम्बन्धी निर्देशिका, २०६७
१४. सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई रोजगार/स्वरोजगार सेवा संचालन गर्ने निर्देशिका, २०६७
१५. स्थानीय शान्ति समिति निर्देशिका, २०६६
१६. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०६८

१७. द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनस्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५
१८. स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरु,२०६५
१९. वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८
२०. मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८
२१. शान्ति कोष संचालन (कार्यविधि) नियमावली, २०६५
२२. द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत सुविधा प्रदान गर्ने निर्देशिका, २०६३
२३. आन्तरिक रुपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३
२४. राष्ट्रिय सहिद तथा शान्ति पार्क निर्माण तथा व्यवस्थापन कार्यविधि २०७३
२५. सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४

## आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण

# खर्चको फाँटबारी

आर्थिक बर्ष:२०७४/७५ — म.ले.प.फा.नं. १३

ब.उ.शि.नं.: ३४९०११३ शान्ति तथा पुनर्निर्माण मन्त्रालय चालु खर्च

| यस महिनाको खर्च | मसान्त सम्मको निकासा | बजेट नं. | बजेट रकम | जम्मा बजेट | मसान्त सम्मको खर्च | बजेट बाँकी |
|---|---|---|---|---|---|---|
| २७६८८९.०० | ५३१९२८८.०० | २११११ | तलब | ३२५९३०००.०० | ५३१९२८८.०० | २७२७३७१२.०० |
| ३५०००.०० | १११४३४.०० | २१११३ | महंगी भत्ता | ८१००००.०० | १११४३४.०० | ६९८५६६.०० |
| ६६००.०० | ९०६००.०० | २१११९ | अन्य भत्ता | ९७५०००.०० | ९०६००.०० | ८८४४००.०० |
| – | – | २११२१ | पोशाक | ५२५०००.०० | – | ५२५०००.०० |
| – | ३२९१७२.०० | २२१११ | पानी तथा बिजुली | १९१०००० | ३२९१७२.०० | १५८०८२८.०० |
| २७५०.०० | ८२५०.०० | २२११२ | संचार महसुल | ५६१०००.०० | ८२५०.०० | ५५२७५०.०० |
| १९२८४२.०० | ८३२९४९.०० | २२२११ | इन्धन | २१२७०००.०० | ८३२९४९.०० | १२९४०५१.०० |
| ९१९०.०० | ५८१२४४.०० | २२२१२ | संचालन तथा मर्मत संभार | १५७००००.०० | ५८१२४४.०० | ९८८७५६.०० |
| – | – | २२२१३ | बीमा | ४७९०००.०० | – | ४७९०००.०० |
| १८९७५.०० | ६०३६८७.०० | २२३११ | कार्यालय सम्बन्धी खर्च | २६५००००.०० | ६०३६८७.०० | २०४६३१३.०० |
| – | – | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | १५००००.०० | – | १५००००.०० |
| ५९९२४४.०० | २५९०४६४ | २२४१२ | अन्य सेवा शुल्क | ८५५३०००.०० | २५९०४६४ | ५९६२५३६.०० |
| – | ३३९००.०० | २२५२२ | कार्यक्रम खर्च | ९२२००००.०० | ३३९००.०० | ९१८६१००.०० |
| – | – | २२५२९ | अन्य कार्यक्रम खर्च | २६५००००.०० | – | २६५००००.०० |
| – | १२४०९५.०० | २२६११ | अनुगमन, मूल्यांकन खर्च | २०१३०००.०० | १२४०९५.०० | १८८८९०५.०० |
| – | – | २२६१२ | भ्रमण खर्च | ४०००००.०० | – | ४०००००.०० |
| ३१३७५.०० | २७७९६४.०० | २२७११ | विविध खर्च | १४२४०००.०० | २७७९६४.०० | ११४६०३६.०० |
| २१७२८६५.०० | १०९०३०४७.०० | जम्मा | | ६८६१००००.०० | १०९०३०४७.०० | ५७७०६९५३.०० |
| – | – | चालुकोष | | – | – | – |
| २१७२८६५.०० | १०९०३०४७.०० | जम्मा | | ६८६१००००.०० | १०९०३०४७.०० | ५७७०६९५३.०० |
| २१७२८६५.०० | १०९०३०४७.०० | समस्त रकम | | ६८६१००००.०० | १०९०३०४७.०० | ५७७०६९५३.०० |

| | | | |
|---|---|---|---|
| २०७४ भाद्र सम्ममा प्राप्त जम्माजम्मी निकासा: | १०९०३०४७.०० | बैकको नाम: एकल कोष खाता | दाखिला गर्न बाँकी रकम: |
| २०७४ भाद्र सम्मको जम्मा खर्च: | १०९०३०४७.०० | बैंक खाता नं : | बैंक मौज्दात: |

## १२. तोकिए बमोजिमका अन्य विवरण

हाललाई नभएको ।

## १३. यस आ.व. मा संचालित कार्यक्रमहरु

आ.व. २०७४।७५ मा संचालित आयोजना कार्यक्रमहरुको प्रगति स्थिति

रकम रु '००० मा

| क्र.स. | आयोजना र कार्यक्रमको नाम | वार्षिक वजेट | | | प्रथम चौमासिक वजेट | प्रथम चौमासिक को खर्च | प्रथम चौमासिक प्रगति स्थिति (%) | | वर्षिक खर्च | वार्षिक प्रगति स्थिति (%) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | शान्ति तथा पुनर्निर्माण मन्त्रालय (P1) | चालु | पुंजिगत | जम्मा | जम्मा | जम्मा | भौतिक | वित्तीय | जम्मा | भौतिक | वित्तीय | |
| क) | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ६८६१० | १८३१ | ७०४४१ | २८०६१.६७ | ११००१.०२ | | ३९.२ | ११००१.०२ | | ३९.२ | |
| ख) | सत्य निरुपण तथा मेलमिलाप आयोग | १४५८४५ | ३७८६ | १४९६३१ | | १२६१६.९१ | | | १२६१६.९१ | | | |
| ग) | वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | १४०२८३ | – | १४०२८३ | | ८४५९.७९३ | | | ८४५९.७९३ | | | |
| २ | पुनर्निर्माण तथा पुनस्थापना(P1) | | | | | | | | | | | |
| क) | राहत तथा पुनस्थापन इकाई | | | | | ९१५२६.६० | | | ९१५२६.६० | | | जि.प्र.का. प्रमुखलाई अख्तियारी पठाइएको |
| ख) | पुनर्निर्माण परियोजना | - | ७६४२०० | ७६४२०० | ७६४२०० | ० | | | ० | | ० | |
| | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | | | | | | | | | | | |
| ३ | स्थानीय शान्ति समिति (P1) | X | | | | | | | | | | बजेट विनियोजन नभएको |
| ४ | शान्ति कोष सचिवालय (P1) | १३३०१ | | १३३०१ | ३३२५.२५ | २२८८.१२१ | | ६८.८१ | २२८८.१२१ | | ६८.८१ | |
| ५ | शान्तिको लागि विकास कार्यक्रम (P2) | X | | | | | | | | | | बजेट विनियोजन नभएको |
| | कुल जम्मा | | | | | | | | | | | |

## १४. सार्वजनिक निकायको वेवसाइट

मन्त्रालयको वेबसाइट www.peace.gov.np रेहको छ |

## १५. सार्वजनिक निकायमा परेका सुचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषय

सूचना माग गरेकोमा सूचना उपलव्ध गराईएको ।

## १६. सार्वजनिक निकायका सूचनाहरु अन्यन्त्र प्रकाशन भएको वा हुने भए सो को विवरण

अन्यन्त्र प्रकाशन नभएको ।

**प्रस्तुत विवरण मन्त्रालयको वेवसाइटwww.peace.gov.np मा हेर्न सकिने छ |**


शान्ति तथा पुनर्निर्माण मन्त्रालय

फोन नं. ४२११५५०, ४२११०८९, ४२१११८९

Audio Notice No. 1618 01 4211097

ईमेलःinfo@peace.gov.np

वेभः www.peace.gov.np